# स्वाभिमान लघुवित्त वित्तिय संस्था लि.

# Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तिय संस्था (प्रादेशिकस्तर कार्यक्षेत्र भएको)

**केन्द्रिय कार्यालय, तिलोत्तमा-५, रूपन्देही**

## UNAUDITED FINANCIAL RESULT (Quarterly)

**As at the end of Fourth Quarter (31/03/2080) of the Fiscal Year 2079/080**

(Rs. In '000' )

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending (Audited) |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,338,731.36** | **2,201,112.85** | **2,224,606.45** |
| 1.1 | Paid-up Capital | 146,138.58 | 146,138.58 | 146,138.58 |
| 1.2 | Reserves and Surplus | 65,887.49 | 47,934.08 | 44,711.43 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 1,425,011.92 | 1,293,891.80 | 1,327,784.78 |
| 1.5 | Deposits (a+b) | **671,346.74** | **694,430.90** | **668,015.74** |
| | a. Domestic Currency | 671,346.74 | 694,430.90 | 668,015.74 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | - | - | 650.00 |
| 1.7 | Other Liabilities | 30,346.63 | 18,717.49 | 37,305.92 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2,338,731.36** | **2,201,112.85** | **2,224,606.46** |
| 2.1 | Cash & Bank Balance | 13,618.02 | 12,946.50 | 15,019.27 |
| 2.2 | Money at call and short Notice | 210,208.48 | 96,525.25 | 85,843.15 |
| 2.3 | Investments | 1,500.00 | 1,000.00 | 500.82 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **2,051,070.83** | **2,027,954.38** | **2067,799.19** |
| 2.5 | Fixed Assets | 28,332.26 | 28,671.80 | 28,505.33 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 34,001.77 | 34,014.92 | 26,938.70 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 309,925.49 | 205,883.60 | 283,389.88 |
| 3.2 | Interest Expense | 213,392.70 | 156,182.38 | 152,662.15 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **96,532.79** | **49,701.22** | **130,727.73** |
| 3.3 | Fees Commission and Discount | 2,962.94 | 1,531.38 | - |
| 3.4 | Other Operating Income | 34,127.50 | 25,454.23 | 25,987.36 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **133,623.23** | **76,686.84** | **156,715.09** |
| 3.6 | Staff Expenses | 72,544.18 | 50,736.74 | 64,568.15 |
| 3.7 | Other Operating Expenses | 27,280.53 | 19,115.88 | 26,235.75 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **33,798.52** | **6,834.21** | **65,911.19** |
| 3.8 | Provision for Possible Loss | - | 990.68 | 17,390.57 |
| **D** | **Operating profit (C-3.8)** | **33,798.52** | **5,843.53** | **48,520.62** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 502.31 | - | 16849.48 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **34,300.83** | **5,843.53** | **6,5370.10** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **34,300.83** | **5,843.53** | **65,370.10** |
| 3.12 | Provision For Staff Bonus | 3,430.08 | 584.35 | 6,537.01 |
| 3.13 | Provision For Tax | 9,261.22 | 1,577.75 | 18,465.14 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **21,609.52** | **3,681.42** | **40,367.95** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 9.71% | 9.11% | 8.94% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.96% | 3.59% | 1.11% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 28.32% | 25.69% | 77.43% |
| 4.4 | Cost of Funds | 10.89% | 12.52% | 11.44% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 305.52% | 292.03% | 310.23% |
| | Additional Information | | | |
| 5.1 | Base Rate | 16.64% | 17.92% | |

नोट : “सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिस्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ”

| **व्याजदर** | |
|---|---|
| बचत तथा निक्षेपमा ७.५ देखी १० प्रतिशत सम्म | कर्जा सेवामा १३ देखी १५ प्रतिशत सम्म |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसुची-१४ बमोजिम**

## आ.ब. २०७९/८० को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण** :

(क) त्रैमासिक अवधीको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरुः

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १४.७९ | ७७.७७ | १५९.८७ | १६००.३५ | ३३.३४% |

**२. व्यवस्थापकीय विश्लेषण**:

(क)**त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कूनै परिवर्तन भएको भए सो को प्रमूख कारण सम्बन्धी विवरण :** चौथो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको मौज्दात र तरलतामा वित्तीय संस्थाले अनुमान गरे अनुसारको स्थिरता कायम रहेको छ। हाल देखिएको श्रोतको अभाव, ऋण सापटको व्याजदरमा भएको वृद्धिले गर्दा खुद मुनाफामा प्रक्षेपण गरेकोमा कमी भएतापनि समग्र वित्तीय सुचकहरुमा सन्तोष गर्न सकिने अवस्था रहेको छ।

(ख)**आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** यस त्रैमासको अन्त्य सम्ममा यस वित्तीय संस्थाले लूम्बिनी प्रदेशका सात वटा जिल्लाहरुमा ३६ शाखा कार्यालय मार्फत ३०,०५६ विपन्न घरपरिवारहरुमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। यस संस्थाले आगामी दिनमा वित्तीय पहुँच कम भएका क्षेत्रहरुमा लघुवित्त कार्यक्रम विस्तार गर्ने व्यवसायिक योजना रहेको छ। ग्राहकको परियोजना सुचारु गर्न आवश्यक वित्तीय स्रोत उपलब्ध गराउने, वित्तिय साक्षरता प्रदान गर्दै कर्जा असुली र गुणस्तरलाई प्रभावकारी बनाउने, कर्मचारीको क्षमतामा अभिवृद्धि गरी उत्पादकत्वम अभिवृद्धि गर्ने, अनूगमन तथा सूपरीवेक्षण कार्यलाई चुस्त दुरुस्त बनाउदै कार्यक्रमको गुणस्तर वृद्धिमा जोड दिई संस्थाको आगामी वर्षको योजना हासिल गर्ने रणनिती अवलम्बन गरिएको छ।

(ग)**बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** कर्जा लगानीमा निर्धारित व्याजदरको सीमा, तरलता संकुचन, ऋण सापटको व्याजदरमा भएको वृद्धिको कारण वार्षिक योजना बमोजिम कर्जा लगानी हुन नसकेको हुदा नाफामा कमी हुन गएकोले यसलाई व्यवस्थित गर्न वित्तीय संस्था प्रयासरत छ। वित्तीय संस्थाले समय परिस्थिती अनुसार जोखिम न्यूनीकरण हुने तवरले कार्य गर्दै आएकोले संस्थालाई प्रगति उन्मुख बनाउन सचेत एवम अग्रसर छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :

(क)यस त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्धमा मुद्दा दायर भएको कुनै सुचना प्राप्त भएको छैन।

(ख)वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कूनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क)यस संस्थाको शेयर कारोबार दोस्रो बजारमा सकारात्मक रहेको छ। संस्थाको व्यवसायिक अभिवृद्धि संगै लगानीकर्ताको यस संस्था प्रतिको अटुट विश्वास बढ्ने क्रममा रहेको देखिन्छ।

(ख)नेपाल स्टक एक्सचेन्ज लिमिटडको वेभसाइट www.nepalstock.com अनुसार यस त्रैमासिक अवधीमा यस वित्तीय संस्थाको शेयर कारोवार निम्नानुसार भएको देखिन्छ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| १२२४ | ७८८.५० | ११५० | ६२ | ७०१ |

**५. समस्या तथा चुनौति** :

(क)**समस्या तथा चुनौती** : हाल वित्तीय बजारमा देखिएको लगानीयोग्य रकम र तरलतामा कमीको कारणले यस वित्तीय संस्थालाई पनि प्रत्यक्ष रुपमा असर पारेको छ। वित्तीय संस्थाको कोषको लागतमा क्रमिक रुपमा वृद्धि हुदै गएको छ जसले गर्दा व्यवसाय निरन्तरतालाई कायम राख्न थप चुनौतीपुर्ण हुने देखिन्छ। त्यस्तै गरी वित्तीय संस्थाले बजारमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, व्याजदरमा आएको उच्च वृद्धि, सीमित वित्तीय श्रोत, लगानीमा दोहोरोपना, दक्ष जनशक्तिको बहिर्गमन, लघुवित्त कार्यकम विरुद्ध नकारात्मक सन्देश प्रवाह गरी कर्जाको किस्ता नतिर्नको लागि संगठीत गराउने आदि समस्याको सामना गर्दे अगाठी बढ्नु परेको छ।

(ख)**रणनीति :** उल्लेखित चुनौतिहरुको सामना गर्दे प्रभावकारी जनशक्ति व्यवस्थापन गर्ने, खर्चमा मितव्ययीता अपनाउने, प्रतिस्पर्धी क्षमताको विकास गर्दे जाने, ग्राहक सदस्यलाई वितीय साक्षरतार सिपमुलक तालिम प्रदान गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने जस्ता रणनीति अवलम्वन गरेर उल्लेखित समस्या तथा चुनौतीको सामना गर्ने रणनीति रहेको छ।

**६. संस्थागत सुशासन** :

यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु तथा कानुनहरुको परिपालना गरेको छ। संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, लगानी नीति, कर्जा नीति, नगद सञ्चालन निर्देशिका, सूचना प्रविधि सम्बन्धी निर्देशिका, कर्जा अपलेखन विनियमावली, वचत नीति, सम्पति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण सम्बन्धी नीति तथा कार्यविधी, ग्राहक संरक्षण कोष कार्यविधि, संस्थागत सामाजिक उत्तरदायित्व कार्यविधी, संचालक शिक्षा सम्बन्धी कार्यविधी, कर्मचारी कार्य सम्पादन मुल्यांकन कार्यविधि बनाइ पालना गरिएको छ। वित्तीय संस्थाले आफ्नो कारोबार चुस्त-दुरुस्त, छिटो-छरितो, पारदर्शी एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन लेखा परिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा-सूविधा समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरु गठन गरी कार्यान्वयनमा ल्याएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उदघोषण** :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सु-सुचित निर्णय लिन आवश्यक कुनै विवरण वा सुचना तथा जानकारीहरु लुकाइएको छैन।